# पूर्वीचौकी गाउँपालिका ,डोटी

## स्थानीय राजपत्र

**भाग २**

**खण्ड ७ :संख्या : १३ मिति : २०८१/०४/०१**

# पूर्वीचौकी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधी, २०८०

कार्यपालिकाबाट पारित : २०८०/११/०८

## पूर्वीचौकी गाउँपालिकाको

## शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधी -२०८०

### प्रस्तावना

पूर्वीचौकी गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई अनिवार्य तथा निशुल्क गुणस्तरीय शिक्षा प्रदान गर्न प्रारम्भिक बाल विकास केन्द्र देखि माध्यामिक तहसम्मका विद्यालयहरुलाई व्यवस्थित गरेर आवश्यकताका आधारमा एक आपसमा समायोजन गरि विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गरी दरबन्दी मिलान कार्यलाई समेत व्यवस्थित रुपमा अगाडी बढाई विद्यालय शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्दै शैक्षिक कार्यक्रम प्रभावकारी एवम् व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र पूर्वीचौकी गाउँपालिका शिक्षा ऐन, २०७५ को परिच्छेद २ को दफा १५ ले दिएको अधिकार प्रयोग गरीपूर्वीचौकी गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद १ प्रारम्भिक

१ . संक्षिप्त नाम र प्रारम्भ :- यस कार्यविधिको नाम "पूर्वीचौकी गाउँपालिका शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधी-२०८०" रहेको छ। यो कार्यविधि पूर्वीचौकी गाउँपालिका क्षेत्रभर कार्यपालिकाको स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२ . परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले पूर्वीचौकी गाउँपालिका स्थानीय शिक्षा ऐन २०७५ संशोधन सहितलाई सम्झनु पर्दछ ।

(ख) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्दछ।

(ग) "कार्यविधी" भन्नाले पूर्वीचौकी गाउँपालिका शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधी-२०८० लाई सम्झनु पर्दछ ।

(घ) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्दछ र सो शब्दले राहत, अनुदान, शिक्षण अनुदान र गाउँपालिका अनुदानलाई समेत जनाउँदछ ।

(ङ) "गाउँपालिका" भन्नाले पूर्वीचौकी गाउँपालिकालाई सम्झनु पर्दछ ।

CamScanner

(च) "विघालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विघालयलाई जनाउँदछ ।

(छ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक वा संस्थागत विघालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्दछ।

(ज) "विघालय व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम विघालय सञ्चालन तथा व्यवस्थापनका लागि गठित समितिलाई जनाउँदछ।

(झ) "विघालय समायोजन" भन्नाले भौगोलिक विकटता तथा विघार्थी संख्यालाई आधारमानी विघालय गाभ्ने, ठाउँ सार्ने, नाम परिवर्तन गर्ने, बन्द गर्ने, तह वा कक्षा बढाउने, घटाउने कार्यलाई जनाउँदछ।

(ञ) "शिक्षक" भन्नाले विघालयको अध्यापक सम्झनुपर्दछ र सो शब्दले विघालयको प्रधानाध्यापकलाई समेत जनाउँदछ।

(ट) "अध्यक्ष" भन्नाले पूर्वीचौकी गाउँपालिका अध्यक्षलाई जनाउँदछ ।

(ठ) "उपाध्यक्ष" भन्नाले पूर्वीचौकी गाउँपालिका उपाध्यक्षलाई जनाउँदछ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पूर्वीचौकी गाउँपालिकाको कार्यकारी प्रमुखलाई जनाउँदछ।

(ढ) "वडाध्यक्ष" भन्नाले पूर्वीचौकी गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष लाई जनाउँदछ।

(ण) "शिक्षा अधिकृत" भन्नाले पूर्वीचौकी गाउँपालिकाको शिक्षा सम्बन्धी काम गर्ने अधिकृतलाई जनाउँदछ ।

(त) "कार्यपालिका"भन्नाले पूर्वीचौकी गाउँपालिकाको गाउँ कार्यपालिकालाइ जनाउँदछ ।

(थ) "शिक्षा समिति" भन्नाले पूर्वीचौकी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई जनाउँदछ ।

(द) "प्राथमिक विघालय" भन्नाले कक्षा १ देखि ५सम्म शिक्षा दिइने विघालयलाई जनाउँदछ।

(ध) "आधारभुत विघालय" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८सम्म शिक्षा दिइने विघालयलाईजनाउँदछ।

(न) "माध्यामिक विघालय" भन्नाले कक्षा ९देखि कक्षा १२सम्म शिक्षा दिईने विघालयलाई जनाउँदछ।

CamScanner

कार्यपालिकाबाट पारित : २०८०/११/०८

परिच्छेद -२

## शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी प्रक्रिया तथा आधारहरु

३. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी प्रक्रिया

(क) यो कार्यविधी प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये एक विद्यालय र अर्को विद्यालयको नजिक दूरीमा रहेर न्यून विद्यार्थीहरुलाई शिक्षण गरिरहेका तर समुदायमा सञ्चालनमा रहेका बालविकास केन्द्र,प्राथमिक विद्यालय (कक्षा १-३), प्राथमिक विद्यालय (कक्षा १-५), आधारभुत विद्यालय (कक्षा १-८), विद्यालयका रुपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरु पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसंग गाँभी सञ्चालनमा ल्याइनेछ । तत्काल समायोजन गर्नुपर्ने देखिएमा विगतमा निम्न माध्यामिक तह (कक्षा ६-८) सञ्चलानमा रहेका र हाल आधारभुत तह (१-८) मा सञ्चालनमा रहेका तथा माध्यामिक तह कक्षा (९-१२) सञ्चालनमा रहेका विद्यालयहरुका लागि पनि यो व्यवस्था लागु हुनेछ ।

(ख) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा कार्यविधि र यस कार्यविधिको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा दुविधा भएमा गाउँकार्यपालिकाले निर्णय प्रकृयामा सहजीकरण गर्ने छ ।

(ग) गाउँ कार्यपालिकाले यस बमोजिम निर्णयलिनूपूर्व शिक्षा शाखा मार्फत विद्यालयको निरीक्षण गराई विद्यालयको आर्थिक भौतिक तथा शैक्षिक स्थितिको तथ्याङ्क सहितको प्रतिवेदन पेश गर्ने लगाउनेछ ।

(घ) गाउँपालिकाबाट विद्यालय समायोजनका कार्यक्रमको अनुगमन,मूल्याङ्कन तथा उपलब्धीको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गरिनेछ ।

(ङ) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन गाउँपालिकाले सम्बन्धित निकायसँग समन्वय र सहकार्य अगाडी बढाउनेछ ।

४. विद्यालय समायोजनका आधारहरु:-

(१) दुई वा दुईभन्दा बढी विद्यालयलाई गाँभी एउटा विद्यालयमा कायम गर्दा ऐनको दफा १५ र देहायको आधारमा गर्न सकिनेछ ।

(क) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको ।

(ख) दुई वा सोभन्दा बढी विद्यालयको पैदल दुरी ३० मिनेट भन्दा कम रहेको ।

(ग) कुनै विद्यालयमा देहायको विद्यार्थी संख्या कायम नरहेमा [illegible] पनि उक्त विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र.स. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | समुदायमा सञ्चालित बाल विकास केन्द्र | १५ जना | |
| २ | प्रारम्भिक बालविकास-कक्षा ३ | ४० जना | |
| ३ | प्रारम्भिक बालविकास-कक्षा ५ | ६० जना | |
| ४ | कक्षा ६-८ | ५० जना | |
| ५ | कक्षा ९-१० | ५० जना | |
| ६ | कक्षा ११-१२ | ४० जना | |

(घ) दफा ४ को उपदफा १ को (ग) मा जुनसुकै कुरा उल्लेख गरिएता पनि नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ति भएको भौगोलिक विकटता भएमा यस्तो विद्यालय गाभ्न वाध्य पारिने छैन ।

(ङ) नजिकको दुरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न वाहेक दुई वा सोभन्दा वढी विद्यालय भएमा ।

(च) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नवढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सो भन्दा वढी विद्यालयहरु भएमा ।

(छ) भौगोलिक रुपले विकटता नभएको अवस्यामा ।

(२) कक्षा १-३,कक्षा १-५ तथा १-८ सम्म सञ्चालनमा भएका तर आधारभुत विद्यालयका रुपमा न्यूनतम आधार पूरा नभएका विद्यालयलाई गाउँकार्यपालिकाले वहुकक्षा वहुस्तर विद्यालय वा पूर्व बालविकास केन्द्रको रुपमा सञ्चालन हुने विकल्प समेत छान्न पाईनेछ ।

(३) दुई वा दुई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्नका लागि सम्वन्धित बिद्यालय र सम्वन्धित वडाको सामुहिक सिफारिसवाट तोकिएको स्थानमा विद्यालय स्थापना हुनेछ ।

(४) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरुको सवै चल अचल सम्पत्ति दाखिला खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नाका लागि शिक्षा समितिको सिफारीसमा मालपोत कार्यालयमा पठाउनुपर्नेछ ।



CamScanner

(५) उपदफा (४) बमोजिम सम्पत्ति दाखिला खारेज भएको व्यहोराको जानकारी अभिलेखका लागि गाउँपालिकाले शिक्षा विकास तथा समन्वय ईकाइलाई दिनु पर्नेछ ।

५. दरबन्दी मिलानका आधारहरु

१) गाउँ शिक्षा समितिले प्रारम्भिक बाल कक्षा देखि कक्षा ५ सम्म सञ्चालनमा भएका विद्यालयमा न्युनतम प्रतिकक्षा १ जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाईनेछ । शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानमा देहायका आधारमा गरिने छ ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एकआपसमा गाभिएमा ।

(ख) शिक्षक विद्यार्थी अनुपात तपसिलको भन्दा कम भएमा ।

| क्र.स. | कक्षा | न्यूनतम शिक्षक संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | १ जना | |
| २ | कक्षा १-३ सम्म | २ जना | |
| ३ | कक्षा १-५ सम्म | ४ जना | |
| ४ | कक्षा ६-८ सम्म | ४ जना | |
| ५ | कक्षा ९-१० सम्म | ५ जना | |
| ६ | कक्षा ११-१२ सम्म | २ जना | |

२) उपदफा (१) मा जुनसुकै कुरा लेखेता पनि प्राथमिकतहमा नियुक्त शिक्षकहरुलाई योग्यता र क्षमताको आधारमा माथिल्लो तहहरुमा पनि अध्ययन अध्यापनका लागि जिम्मेवारी दिनेगरी व्यवस्थापन गर्न सकिनेछ ।

६. समायोजना हुने वा गाभिएका विद्यालयको नामाकरण:

(क) समायोजन हुने वा गाभिने दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिको निर्णय बाट अनुरोध भई गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडी थप गरी नामाकरण गर्न सकिनेछ ।

(ख) दुई वा दुई भन्दा बढीविद्यालयहरु एक आपसमा गाभि नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता स्थानीयता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ। तर,शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १५४ को विद्यालयको

नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्यक्ति,स्मारक वा ऐतिहासिक चिज वस्तुको नामबाट विद्यालयको नाम रहेको रहेछ भने सोही नामबाट विद्यालयको नाम राख्नु पर्नेछ ।

(ग) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले सम्बन्धित वडा / गाउँ शिक्षा समितिको सिफारिसमा गाभिएको विद्यालयको भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक वाचनालय वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(घ) समायोजन भई सञ्चालनमा नरहेका विद्यालय भएको स्थापना पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी संख्या भएमा र विद्यालय सञ्चालन गर्न गाउँकार्यपालिकाले पुनः अनुमति दिन सक्नेछ ।

७. विद्यार्थी सङ्ख्याको आधारमा समायोजन कुनै विद्यालयमा प्रारम्भिक बालविकास-३ मा ४० जना,प्रारम्भिक बालविकास-५ मा ६० जना, कक्षा ६-८ मा ५० जना, कक्षा ९-१० मा ५० जना र कक्षा ११-१२ मा ४० जना विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्नेछ ।

## परिच्छेद-३

## भौतिक, शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्था

८ . विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापन :-

(क) विद्यालय समायोजन वा गाँभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि गाउँकार्यपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा गएको अनुदान पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनु पर्नेछ ।

(ख) विद्यालय समायोजन वा गाँभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नु पर्नेछ ।

(ग) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेको शैक्षिक प्रयोजनमा काम नलाग्ने पूराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको सालाखाला वा न्यूनतम मूल्य कायम गरी आवश्यक कार्वाहीका लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ र गाउँकार्यपालिकाले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ ।

(घ) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यवसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(ङ) अनुमति वा स्वीकृति रद्ध गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पति गाउँ शिक्षा समितिको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउँनेछ।

९. विद्यालय समायोजन पछि गर्नुपर्ने व्यवस्थापन

(क) विद्यालय समायोजन पछि वा तह घटाईएपछि विद्यालयमा आवश्यकता भन्दा बढि भएका यस गाउँपालिकाका शिक्षकहरुलाई गाउँपालिकाको फुल दरबन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै विद्यालय वा आवश्यकता तथा औचित्यका आधारमा अन्य विद्यालयमा देहायको प्राथमिकताका आधारमा समायोजन गर्न सकिने छ ।

१. संघीय शिक्षण अनुदानमा कार्यरत शिक्षक

२. राहत अनुदानमा कार्यरत शिक्षक

३. कनिष्ठ स्थायी शिक्षक

४. अन्य स्थायी शिक्षक



CamScanner

५. (५) शिक्षक दरबन्दी मिलान गर्दा जुनसुकै दरबन्दी मिलान सट्टापट्टा गर्न सकिने छ ।

(ख)उपदफा (क) जुन सुकै कुरा उल्लेख भएता पनि महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता दिइने छ ।

(ग))उपदफा (क) बमोजिम शिक्षक समायोजन गर्दा अनुसूची (१)बमोजिम ढाँचामा समायोजन हुने शिक्षकले निवेदन दिनु पर्ने छ ।

(घ) उपदफा (ख) बमोजिम शिक्षकले दिएको निवेदनको आधारमा अनुसूची (२) बमोजिम समायोजन गरिनेछ ।

(ङ) विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको सङ्गत संख्या गाँउपालिकामा पुलमा रहनेछ । यसरी पुलमा रहेको विद्यालय संख्या नवलाई गाँउपालिका भित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पूरा भएको खण्डमा गाँउकार्यपालिकाले विद्यालय अनुमति दिनसक्नेछ ।

(च) गाँउपालिकाले विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यन्वयनका लागी सम्बन्धित वडा कार्यालयहरुमा सरोकारवालाहरुको अन्तरक्रिया भेला तथा जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

(छ) उपदफा (क) मा जुन सुकै कुरा लेखिएको भएता पनि गाँउपालिका अनुदान शिक्षकहरुको व्यवस्था गाँउकार्यपालिकाले निर्णय गरे बमोजिम हुन्छ ।

## परिच्छेद-४ विविध

१०. शिक्षक व्यवस्थापन :यस गाँउपालिकाको शैक्षिक गुणस्तर उन्नयन र विकासका लागी आवश्यकता अनुसार दुरगामी असर नपर्ने गरी गाँउ शिक्षा समितिको सिफारिसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई गाँउकार्यपालिकाले एक अर्को विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ ।यस सम्वन्धी निर्णय गर्दा संघीय एवमप्रादेशिक ऐन,कानुन,संघीय नीति तथा नियम प्रतिकुल हुने गरी शिक्षक तथा कर्मचारीको व्यवस्थापन गरिनेछैन ।

११. कार्यविधिमा संशोधन :गाँउकार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१२. बाझिएमा गर्ने :यस कार्यविधिमा व्यवस्था संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐन,पूर्वीचौकी गाँउपालिका स्थानीय शिक्षा ऐन, २०७५ तथा नियमावलीसंग बाझिएमा उक्त ऐन तथा नियमावलीको व्यवस्था वमोजिम नै हुनेछ ।

१३. यसले नसमेटेको पक्ष :कार्यविधिमा नसमेटिएका व्यवस्थाको कार्यान्वयन प्रचलित शिक्षा ऐन २०२८ (संशोधन समेत) तथा शिक्षा नियमावली २०५९ (संशोधन समेत) तथा पूर्वीचौकी गाँउपालिकाको स्थानिय शिक्षा ऐन २०७५(संशोधन समेत) ऐन नियमावलीलाई टेकेर नाईएको कार्यविधि अनुसार नै हुनेछ ।

१४. व्याख्या :यस कार्यविधिमा भएका व्यवस्थाको व्याख्या गाँउकार्यपालिकावाट हुनेछ र गाँउकार्यपालिकावाट भएको व्याख्या नै अन्तिम हुनेछ ।



CamScanner

## अनुसूची :१

(दफा ९ को उपदफा (ख) संग सम्बन्धित)

### दरबन्दी समायोजनको लागि दिईने निवेदनको ढाँचा

मिति..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

पूर्वीचौकी गाउँपालिका सानागाँउ डोटी

**विषय : दरबन्दी समायोजन गरिदिन हुन ।**

उपरोक्त सम्बन्धमा म..........................विद्यालयमा कार्यरत शिक्षक ..........................मिति.............देखि हाल सम्म सोहि विद्यालयको ...........तहको .........विषयको............दरवन्दीमा कार्यरत रहि आएको हुँदा यस गाउँपालिकाको मिति.......को दरवन्दि मिलान सम्बनधीको सुचना अनुसार मलाई..............विद्यालयमा समायोजन गरिदिनुहुन निवेदन गर्दछु ।

निवेदक

...............

## अनुसूची : २

(दफा ९ को उपदफा (ख) संग सम्बन्धित)

**दरबन्दी समायोजनको ढाँचा**

मिति ...............

श्री...................

..............................विद्यालय

**विषय : दरबन्दी समायोजन गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तपाई..........ले मिति.......... मा यस कार्यालयमा दिएको निवेदन तथा पूर्वीचौकी गाँउपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि २०८० को दफा ९ को (क) बमोजिम प्राथमिकताको आधारमा श्री.................विद्यालयको सोहि तह र श्रेणीमा रहने गरि मिति................को गाँउकार्यपालिकाको निर्णय अनुसार समायोजन गरिएको छ । कार्यरत विद्यालयबाट नियमानुसार रमाना लिई समायोजन भएको विद्यालयमा हाजिरी हुन अनुरोध छ ।

आज्ञाले

विक्रम श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत